आज मिति २०७६।०३।०२ गते सोमबारका दिन विहान ८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको ३४ औं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य,लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य,लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुवर्णमान तुलाधर, नि. प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामचन्द्र लामिछाने, योजना अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री उपेन्द्र प्याकुरेल, सूचना अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री सुमन तामाङ, सलेपा, लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

लिखु गाउँकार्यपालिकाको मिति २०७६।०३।०२ गते सम्पन्न ३४ औं बैठकका निर्णयहरु :

१. लिखु गाउँपालिकाको छैठौं गाउँसभा यहि २०७६ आषाढ १० गते विहान ११.०० बजे वडा नं ४ को कार्यालयको सभाहलमा बोलाउने निर्णय गरियो । साथै उक्त कार्यक्रममा प्रदेश सांसद माननीय श्री वद्री मैनालीलाई प्रमुख अतिथीको रुपमा आमन्त्रण गर्ने निर्णय गरियो ।

२. आगामी आ.व. २०७६/०७७ को लागि लिखु गाउँपालिको आन्तरिक आय तर्फको आय अनुमान र करका दरहरु सहितको स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो । राजस्व परामर्श समितिबाट पेश भएको उक्त प्रतिवेदन देहायको संसोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

क) मेशिनबाट उत्पादित इटाको हकमा लिखु गाउँपालिका भित्र प्रयोग हुनेको हकमा प्रति गोटा ५० (पचास) पैसा र वाहय निकासीको हकमा प्रतिगोटा रु १ (एक) कायम गर्ने ।

३. यस गाउँपालिकाको आन्तरिक आयको ठेक्का व्यवस्थापन सम्बन्धमा आगामी कार्यपालिकाको बैठकमा छलफल गर्ने निर्णय गरियो ।

४. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिम देहायका पदाधिकारी रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) कार्यपालिका सदस्य श्री नरहरि पाण्डे | सदस्य |
| घ) कार्यपालिका सदस्य श्री सृजना वागदास | सदस्य |
| ङ) कार्यपालिका सदस्य श्री शान्ति राई | सदस्य |
| च) कार्यपालिका सदस्य श्री विष्णु घले | सदस्य |
| छ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

५. अनुगमन तथा सुपरिवेक्षण समितिबाट प्राप्त देहायका निर्णय पारित गर्ने निर्णय गरियो ।

क. लिखु गाउँपालिका अन्तर्गत चालु आ.व. २०७५/०७६ मा सन्चालित विभिन्न पूर्वाधार सम्बन्धी आयोजनाहरुको हाल सम्मको अनुगमन सम्बन्धी प्रगति निम्नानुसार रहयो ।

१. कूल पूर्वाधारका योजना संख्या : २२६

२. हाल सम्म सम्पन्न भएका आयोजना संख्या : १२५ (२०७६।२।२९ सम्मको)

३. अनुगमन भएका आयोजना संख्या : १२५

सुझावहरु

- प्राविधिक रेखदेखलाई प्रभावकारी बनाई इष्टिमेट तथा प्राविधिकको निर्देशन बमोजिम मात्र काम गराउने ।
- सडक योजनामा स्ट्रक्चरको कामलाई प्राथमिकता दिने । सडक स्तरोन्नती गरी बाह्रै महिना यातायात सुचारु हुने गरी कार्य गराउने ।
- आयोजनाहरुमा काम भैरहेको अवस्थामा अनुगमन कार्यलाई तिव्रता दिने ।
- साना आयोजनाहरुमा रकम वितरण गर्ने परिपाटीलाई अन्त गरी ठुला र देखिने खालका आयोजनाहरुमा रकम बांडफांड गरी आयोजना संख्या कम गराउने । जसले गर्दा प्रत्येक आयोजनाहरुमा अनुगमन समितिले कडाइका साथ अनुगमन कार्य गर्न सक्नेछ ।
- समयमै योजना सम्पन्न गराउने तर्फ सबैको ध्यान जानुपर्ने ।
- उपभोक्ता समितिको खर्च सार्वजनिक तथा सार्वजनिक परिक्षण कार्यलाई अझै यथार्थ र वस्तुपरक बनाउनुपर्ने । सार्वजनिक परिक्षण गर्दा अनिवार्य रुपमा वडाका प्रतिनिधीको रोहवरमा उपभोक्ता भेला बसी उपभोक्ता समितिले खर्चको सम्पुर्ण विवरण प्रस्तुत गरी अनुमोदन गराउनुपर्ने । यथार्थमा सार्वजनिक परीक्षण नभएको योजनाहरुको वडा कार्यालयबाट आवश्यक सिफारिस नगर्ने ।
- योजनाको अनुगमन तथा सुपरिवेक्षणमा उपभोक्तास्तरीय अनुगमन समिति र वडा स्तरीय अनुगमन समिति क्रियाशिल हुनुपर्ने ।

ख. गाउँपालिकाबाट संचालित आयोजनाको भुक्तानीको लागि अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्ने, आयोजना संख्या पनि अधिक हुने गरेको र सम्पुर्ण योजनाहरुको फिल्डमै गंई अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्ने भएकोले अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारी एवं संलग्न प्राविधिक कर्मचारीहरुलाई (आश्विन देखि आषाढ सम्मको मात्र) आगामी आ.व. २०७६/०७७ देखि लागु हुने गरी मासिक देहायका दरले फिल्ड भत्ता योजनाको कन्टेन्जेन्सी बाट उपलब्ध गराउन गाउँसभामा प्रस्ताव पेश गर्ने ।

क) पदाधिकारी तर्फ मासिक रु १५०००।००

ख) कर्मचारी तर्फ मासिक रु १००००।००

६. कार्यपालिकाको आगामी बैठक २०७६।०३।०६ गते विहान ८ बजे बस्ने निर्णय गरियो ।